# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१ | मितिः २०८१/०२/२५

चलानी नं.: | ने.सं.- ११४४ तछलाथ्व, १ शुक्रवार

**विषयः कालिमाटी विपद् सहायता कक्ष स्थापना गरिएको सम्बन्धी सूचना ।**

श्री कालिमाटी गाउँपालिका निवासी आम सर्वसाधारण सबै,
कालिमाटी गाउँपालिका, सल्यान ।

जिल्ला प्रशासन कार्यालय सल्यानको च.नं. ३१११, मिति २०८१/०२/२१ गतेको प्राप्त परिपत्र बमोजिम यस कालिमाटी गाउँपालिकामा कालिमाटी विपद् सहायता कक्ष स्थापना तथा सञ्चालन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। वर्षातको समय शुरु हुन लागेको र वर्षातको समयमा बाढी, पहिरो तथा भूक्षयको प्रकोपबाट यस कालिमाटी गाउँपालिका अन्तर्गतका भूभाग उच्च जोखिममा रहेको जानकारी विगतका घटनाबाट प्राप्त गर्न सकिन्छ । बाढी, पहिरो तथा भूक्षय जस्ता विपद्का घटनाको समयमा नै जानकारी प्राप्त गरी उद्धार र राहत वितरण कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यस गाउँपालिकाले कालिमाटी विपद् सहायता कक्ष स्थापना गरी तपसिल बमोजिमको विवरण भएका यस कार्यालयका विपद् व्यवस्थापन शाखाका प्रमुखलाई कालिमाटी विपद् सहायता कक्षको सम्पर्क व्यक्ति तोकिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

तपसिलः

| कालिमाटी विपद् सहायता कक्षको सम्पर्क व्यक्तिको नाम,थर | पद | सहभागीको मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|
| यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | ९८४८१२९०२४ | |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत